# विधेयकको उत्पत्ति र संघीय संसदमा छलफल एवं पारित गर्ने प्रक्रिया



राजन घिमिरे [*]

**सारांश**

व्यवस्थापिकाको मूल काम भनेकै राज्य सञ्चालनको लागि आवश्यक पर्ने ऐन कानून बनाउनु हो । यसका अलावा राष्ट्र र जनताका आवाजहरू केन्द्रसम्म ल्याइपुऱ्याउनु, विकास निर्माणमा सहजता ल्याउनु, केन्द्रको बजेट आफ्नो जिल्ला–क्षेत्रमा पुर्‍याउन भूमिका खेल्नु आदि पनि जनप्रतिनिधिहरूको काम रही आएको छ । तर मूल कार्य नै विधि निर्माण भएको नाताले संसदमा विधेयक प्रस्तुत भएपछि विभिन्न चरण पार गरी विधेयक पारित गर्नुपर्ने हुन्छ, त्यसमा जनप्रतिनिधिहरूको उल्लेख्य भूमिका रहन्छ । यो लेखमा कानूनी व्यवस्थाका साथै व्यावहारिक रूपमा संसदले विधेयक छलफलदेखि पारित गर्दासम्म खेल्ने भूमिकाका बारेमा स्पष्ट पार्न खोजिएको छ ।

**विषय प्रवेश**

राज्यका तीन अङ्ग मध्येको एक व्यवस्थापिकाको रूपमा रहेको संघीय संसदका दुवै सदनको अधिवेशन छ महिनाको फरक नहुनेगरी बस्नुपर्ने प्रावधान संविधानले गरेको र शक्ति सन्तुलनको सिद्धान्त अनुरूप संघीय संसदले सरकारका कामको खबरदारी गर्ने, जनताका समस्याहरूलाई संसदको माध्यमबाट सरकार र सम्बन्धित पक्षसम्म पुर्‍याउने, राज्य सञ्चालनका लागि अनुमान गरिने बजेटमाथि छलफल गर्ने र विधि निर्माण गर्ने कार्य यी अधिवेशनका मूल कामहरू हुन् । सामान्यतः संघीय संसदको अधिवेशन वर्षमा दई पटक बस्ने गरेको देखिन्छ, जेठ असारताका बजेट अधिवेशनमा आगामी आर्थिक वर्षको लागि सरकारको नीति तथा कार्यक्रममाथि छलफल, बजेटमाथि छलफल, विभिन्न मन्त्रालयलाई विनियोजन भएका शीर्षकगत छलफल गरी सरकारलाई सुझाव दिने गरिन्छ । यस अधिवेशनमा अत्यावश्यक विधेयकहरू पनि पारित गरिन्छ । त्यसपछि बस्ने अर्को हिउँदे अधिवेशनमा सरकार र संघीय संसदका सदस्यले पेश गरेका विधेयकहरू छलफल गरी पारित गर्ने, विभिन्न राष्ट्रिय, क्षेत्रीय र जिल्लागत समस्याका सम्बन्धमा छलफल गर्न प्रस्तावहरू ल्याउने, सम्बन्धित मन्त्रीलाई प्रश्नहरू सोध्ने लगायतका कार्यहरू गरिन्छ । विधेयक अर्थात् कानूनको मस्यौदा मूलतः संविधान

---

[*] शाखा अधिकृत, संघीय संसद सचिवालय

कार्यान्वयन र राज्य सञ्चालनको लागि संविधानले निर्दिष्ट गरेको लक्ष्मणरेखा भित्र रहेर मस्यौदा गरिन्छन् र ती मस्यौदाहरू संसदमार्फत पारित गरी राज्यमा लागू गरिन्छ । यसै परिप्रेक्ष्यमा यस्ता विधि निर्माण प्रक्रियामा संघीय संसदको महत्वपूर्ण भूमिका रहने कुरालाई कसैले नकार्न सक्दैन । संघीय संसदको मूल काम अर्थात् विधेयक पारित गर्ने प्रक्रियाका सम्बन्धमा प्रस्तुत गरिएको छ ।

**विधेयक उत्पत्ति हुने अवस्था**

कार्यपालिका अन्तर्गतका विभिन्न मन्त्रालय एवं विभागहरूले आफ्नो कार्यक्षेत्रभित्र कुनैपनि कार्य एवं गतिविधिको नियमन, अनुगमन, निर्देशन, नियन्त्रण, समयसापेक्ष परिवर्तन एवं सुधार गर्ने उद्देश्यले निति निर्माण गर्न आवश्यक ठानेमा ऐन वा नियमावलीमा त्यस्तो व्यवस्था राखेर कानूनी राज्यको अवधारणालाई पालना गर्नुपर्ने हुन्छ । कानून निर्माणको पहिलो चरण मस्यौदा हो । यसरी मस्यौदा गर्दा नेपाल सरकार कार्यसम्पादन नियमावलीले प्रचलित कानूनमा संशोधन गर्न वा नयाँ कानून बनाउन आवश्यक परेमा सम्बन्धित मन्त्रालयले कानून बनाउनुपर्ने आवश्यकता र प्रस्तावित कानूनमा समावेश गर्नुपर्ने विषय दरसाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको राय लिनुपर्नेछ भनी व्यवस्था गरेकोले प्रथम चरणमै कानून मन्त्रालयको सैद्धान्तिक सहमति लिनुपर्दछ । मन्त्रालय वा विभागले सोको लागि लागू भइरहेको कुनै पुरानै ऐन वा नियमावली मार्फत सम्बोधन गर्न सकिन्छ कि भनेर अध्ययन गरिन्छ । नयाँ बनाउनु परेमा मात्र मस्यौदाके प्रक्रिया सुरू गरिन्छ । नेपाल सरकार कार्यविभाजन नियमावलीमा विधेयक मस्यौदा या तर्जुमा सम्बन्धी जिम्मेवारी कानून मन्त्रालयलाई दिइएको भए तापनि पछिल्लो समयमा विधेयक मस्यौदा कानून मन्त्रालयको सहयोगमा सम्बन्धित मन्त्रालयबाट नै तयार गरिन्छ । नयाँ विषयमा छुट्टै कानून बनाउन आवश्यक ठानेमा मन्त्रालयले निर्णय गरी पहिला कानून मन्त्रालय मार्फत सरकारबाट सैद्धान्तिक स्वीकृति लिइन्छ र सरकारबाट स्वीकृति भइसकेपछि कानून मन्त्रालयको सहयोगमा विधेयकको मस्यौदा तयार गरिन्छ । त्यस्तो मस्यौदा उपर मन्त्रिपरिषद्को विधेयक समितिमा विस्तृत छलफल गरी मस्यौदा परिमार्जन गर्ने या खारेज गर्ने या सबै स्वीकृत गर्ने निर्णय लिइन्छ । यदि मन्त्रिपरिषद्ले परिमार्जन वा स्वीकृत गर्ने निर्णय गरेमा सोही रूपमा उक्त विधेयक संसदमा नियमानुसार दर्ता गरिन्छ ।

**संघीय संसदभित्र विधेयक पारित गर्ने प्रक्रिया**

संघीय व्यवस्था अपनाएका भारत, बेलायत लगायतका प्रायः प्रजातान्त्रिक मुलुकहरूमा संसदमा प्रस्तुत हुनुअघि करिब नेपालकै जस्तो प्रक्रिया पुरा गरी संसदमा प्रवेश गर्ने र संसदभित्र प्रथम वाचन, द्वितीय वाचन र तृतीय वाचन गरी तीन चरणमा विधेयक पारित गरिन्छ । नेपालमा विधेयक पारित गर्दा पनि विधेयक दर्तादेखि सदनमा प्रस्तुतीसम्म प्रथम वाचन, सैद्धान्तिक छलफल, संशोधन प्रस्ताव, समितिमा छलफल र दफावार छलफललाई द्वितीय वाचन र पारितदेखि प्रमाणितसम्म तृतीय

वाचनको रूपमा लिन सकिन्छ । यसप्रकार नेपालमा विधेयक दर्तादेखि पारित गर्नेसम्मका प्रक्रियालाई निम्न रूपमा वर्णन गर्न सकिन्छः

**विधेयकको दर्ताः** संघीय संसदका सदस्यहरूले राज्य सञ्चालनका कुनै क्षेत्रमा ऐन निर्माण गर्नुपर्छ भन्ने आवश्यक ठानेमा निजी तवरबाट पनि विधेयक तयार गरी दर्ता गर्न सक्छन् । तर हाम्रो देशमा माननीय सदस्यहरूले त्यस्ता विधेयक तयार गर्न आवश्यक सहयोग, समन्वय र आर्थिक एवं भौतिक प्रक्रियाको अभावमा नेपालमा अधिकांश विधेयकहरू सरकारी पक्षबाट नै दर्ता हुने हुनाले यसरी नियमावली बमोजिम दर्ता हुन आएका विधेयकहरूमा त्यसको अङ्ग पुगेको छ छैन, विधेयक ल्याउनुको उद्देश्य र कारण, प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी, आर्थिक टिप्पणी आदि उल्लेख छ छैन, संघीय संसदका सबै सदस्यलाई पुग्ने प्रतिहरू हेरी सदनमा प्रस्तुत हुने भन्दा कम्तीमा ७ दिन अगावै संघीय संसदको विधेयक शाखामा दर्ता गर्नुपूर्व सरकारी विधेयकको हकमा पाँच दिन जति भएपनि पुग्छ । त्यसरी दर्ता भएको विधेयक संसदको कुन सदनमा पेश गर्ने भन्ने विषयमा प्रतिनिधि सभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्षसँग परामर्श गरी टिप्पणी उठाई सम्बन्धित सदनका प्रमुखबाट सदनमा प्रस्तुत गर्न स्वीकृति लिने गरिन्छ ।

**विधेयक वितरणः** दुई सदन मध्ये कुन सदनमा प्रस्तुत गर्ने भन्ने विषय टुंगो लागेपछि प्रत्येक विधेयकमा उक्त सदनमा उत्पत्ति भएको संकेत गर्न प्रतिनिधि सभामा उत्पत्ति भएको वा राष्ट्रिय सभामा उत्पत्ति भएको भनी छाप लगाई दुवै सभाका माननीय सदस्यहरूलाई वितरण कक्ष (पिजनहोल) मार्फत विधेयक वितरण गरिन्छ । प्रत्येक आर्थिक वर्षको बजेट सम्बन्धी विनियोजन, आर्थिक, राष्ट्र ऋण उठाउने विधेयक र ऋण तथा जमानत विधेयकको हकमा वितरणको ५ र ७ दिने अवधि सम्बन्धी नियम लागू हुँदैन, आर्थिक वर्षको राजस्व र व्ययको वार्षिक विवरण प्रस्तुत गर्ने दिन नै विधेयकहरू दर्ता हुने र बजेट प्रस्तुत गरे लगत्तै आर्थिक विधेयक टेबुल हुनुका साथै क्रमशः अन्य आश्रित विधेयकहरू पनि टेबुल हुन्छन् ।

**संघीय संसदको सम्बन्धित सदनमा विधेयक प्रस्तुतिः** विधेयक दर्ता भएको ७ दिन वा सरकारी विधेयकको हकमा ५ दिन पूरा भएपछि र वितरण भएको कम्तिमा २ दिनपछि बस्ने कुनै पनि बैठकमा उक्त विधेयक प्रस्तुत गर्न योग्य हुन्छ र सोही अनुरूप विधेयक प्रस्तुत गर्ने चरण प्रारम्भ हुन्छ । सो चरणमा उक्त विधेयक प्राप्त भएपछि सदस्यहरूले अध्ययन गर्दा विधेयक आवश्यक नै छैन भन्ने कुनै सदस्यलाई लागेमा सदस्यबाट उक्त विधेयक प्रस्तुत हुनुभन्दा प्रतिनिधि सभातर्फ एकदिन अगाडि र राष्ट्रिय सभातर्फ विधेयक दर्ता भएको छ दिनभित्र विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावको विरोधको सूचना दर्ता गर्न सकिने व्यवस्था छ । तसर्थ कुनै सदस्यले यस्तो विरोधको सूचना प्रस्तुत गरेको छ भने विधेयक प्रस्तुत हुने दिनमा विधेयक प्रस्तुत गर्न अनुमति माग्ने विरोधको सूचना दर्ता गर्ने सदस्यले उक्त विरोध गर्नुपर्नाको कारण सहित वक्तव्य दिनेछ र विधेयक प्रस्तुतकर्ता सदस्यले उक्त विधेयक प्रस्तुत गर्नुपर्नाको कारण सहित विरोधको सूचनाको जवाफ दिइसकेपछि सम्बन्धित सदनका प्रमुखबाट उक्त विरोधको सूचनालाई सभाको निर्णयको लागि प्रस्तुत गरिन्छ ।

यदि सो सूचना स्वीकृत भएमा विधेयकको प्रक्रिया अगाडि बढ्दैन अर्थात् विधेयक अस्वीकृत भएको मानिन्छ । विरोधको सूचना अस्वीकृत भएमा विधेयक प्रस्तुत गर्न अनुमति प्राप्त भएको मानिन्छ र सम्बन्धित मन्त्रीले सोही बैठकमा उक्त विधेयक सदन समक्ष प्रस्तुत गर्दछ । सदन समक्ष विधेयक प्रस्तुत गर्दा विधेयक प्रस्तुतकर्ता सदस्यले उक्त विधेयक ल्याउनु पर्नाको उद्देश्य र कारण संक्षेपमा प्रस्तुत गर्ने चलन रहेको छ ।

**विधेयकमाथि सैद्धान्तिक छलफलः** विधेयक प्रस्तुत भएपछि बसेको कुनै पनि बैठकमा सम्बन्धित विधेयक प्रस्तुतकर्ता सदस्यबाट उक्त विधेयकमाथि जनताको प्रतिक्रियाको लागि प्रचार गरियोस् वा सदनमा सैद्धान्तिक छलफल गरियोस् भन्ने प्रस्ताव गरिन्छ । सदनमा सैद्धान्तिक छलफल गरिएमा विधेयकको दफा-दफामा छलफल नभई उक्त विधेयक कुन उद्देश्यले ल्याइयो, यो विधेयक आवश्यक थियो थिएन, आशय के हो, यो पारित भएपछि कुन क्षेत्रमा के फाइदा वा बेफाइदा हुन्छ भन्ने विषयमा अर्थात् विधेयकमा निहित सैद्धान्तिक पक्षमा मात्र छलफल हुने गर्दछ । अन्त्यमा सम्बन्धित मन्त्रीले सैद्धान्तिक छलफलमा उठेका प्रश्नहरूको जवाफ दिएपछि विधेयकमाथिको सैद्धान्तिक छलफल समाप्त हुने र प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्ने गरिन्छ ।

**जनताको प्रतिक्रिया लिनेः** विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयकलाई जनताको प्रतिक्रियाको लागि प्रचार गर्न आवश्यक ठानेमा सो प्रस्ताव सदन समक्ष प्रस्तुत हुन्छ र सदनबाट स्वीकृत भएमा जनताको प्रतिक्रियाको लागि प्रचार गरी प्रतिक्रिया माग गरिन्छ । जनताको प्रतिक्रिया प्राप्त भएपछि सदनमा प्रतिवेदनको रूपमा प्रस्तुत गरिन्छ । त्यसपछि बसेको सदनको बैठकबाट जनताको प्रतिक्रिया सहित उक्त विधेयकमाथि सैद्धान्तिक छलफल गरिन्छ ।

**विधेयकमाथि संशोधन दर्ताः** विधेयकमाथि सैद्धान्तिक छलफल सकिएको ७२ घण्टाभित्र विधेयक प्रस्तुत भएको सदनका सम्पूर्ण सदस्यहरूले उक्त विधेयक अध्ययन गरी त्यसमा गर्नुपर्ने सुधारका विषयहरू देखेमा उक्त कुराहरू समेटी विधेयक शाखामा संशोधनका प्रस्तावहरू दर्ता गर्ने गरिन्छ ।

**विधेयकमाथि दफावार छलफल र पारितः** संशोधन दर्ता गर्ने समय ७२ घण्टाको समय व्यतीत भइसकेपछि विधेयक शाखाले उक्त संशोधनहरू संविधान, नियम बमोजिम छन् छैनन् अध्ययन गरी सबै सदस्यहरूको संशोधन एकीकरण गरेर निर्धारित फरम्याटमा एकीकृत संशोधन प्रस्ताव सम्बन्धित सभाको सभामुख वा अध्यक्षबाट स्वीकृत गरी सदस्यहरूलाई वितरण गरिन्छ ।

संशोधन वितरण भइसकेपछि बस्ने कुनै पनि बैठकमा विधेयक प्रस्तुतकर्ता सदस्यले उक्त विधेयकलाई यदि कुनै पनि संशोधन दर्ता भएको छैन भने सोझै सदनबाटै दफावार छलफल गर्न र संशोधन प्रस्तावहरू धेरै भएमा थप छलफल गर्नुपर्ने विधेयक भएमा समितिमा दफावार छलफल गर्ने प्रस्ताव प्रस्तुत हुन्छ ।

**विधेयकमाथि समितिमा दफावार छलफलः** विधेयक प्रस्तुतकर्ता सदस्यले उक्त विधेयकलाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव गरेमा उक्त प्रस्ताव पारित भएपछि

विधेयकलाई नियमावलीले व्यवस्था गरेको सम्बन्धित विषयगत समितिमा र राष्ट्रिय सभाको हकमा विधायन व्यवस्था समितिमा दफावार छलफलको लागि पठाइन्छ । समितिले उक्त विधेयकमाथि दफावार छलफल गर्दा संशोधन दर्ता गर्ने सदस्य, सरोकारवाला निकाय, विषयविज्ञ, कानूनविद्, विधेयक प्रस्तुतकर्ता सबैसँग विभिन्न चरणमा छलफल गरिन्छ । आवश्यकतानुसार राय सुझाव समेत संकलन गरी छलफलका आधारमा प्रतिवेदन तयार गरिन्छ ।

**समितिको प्रतिवेदन पेशः** समितिले विधेयकमाथि दफावार छलफल गरी तयार गरेको प्रतिवेदन सम्बन्धित सदनमा उक्त प्रतिवेदन प्रस्तुत गर्दछ । प्रतिवेदन सम्बन्धित समितिका सभापतिले सदनमा प्रस्तुत गर्ने नियमावलीको व्यवस्था छ । यसरी प्रतिवेदन सदन समक्ष प्रस्तुत गर्दा सम्बन्धित समितिका सभापतिले उक्त विधेयक समितिमा प्राप्त भएको अवस्था, बैठकमा भएको छलफल र त्यस्मा संशोधन गर्दा भएका प्रक्रियाका बारेमा सामान्य जानकारी दिएर अन्त्यमा प्रतिवेदन सदन समक्ष प्रस्तुत गर्ने प्रचलन रहेको छ ।

**प्रतिवेदन सहितको विधेयकमाथि छलफल र पारितः** समितिले प्रतिवेदन पेश गरिसकेपछि २४ घण्टापछि बसेको सभाको कुनैपनि बैठकमा विधेयक प्रस्तुतकर्ता सदस्यले उक्त समितिको प्रतिवेदन सहित विधेयकमाथि छलफल गरियोस् भनी प्रस्ताव गर्दछ । सभामा प्रतिवेदन सहितको उक्त विधेयकमाथि छलफल समाप्त भइसकेपछि विधेयक प्रस्तुतकर्ताले उक्त छलफलमा उठेका प्रश्नको जवाफ दिइन्छ । त्यसपछि समितिको प्रतिवेदन, विधेयकका दफाहरू, प्रस्तावना, नाम क्रमशः सभामा निर्णयार्थ प्रस्तुत गरेपछि अन्त्यमा विधेयक पारित गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिन्छ । सभाको बहुमतले वा सर्वसम्मत रूपले उक्त विधेयक पारित गरेको अवस्थामा विधेयक सम्बन्धित सदनबाट पारित हुन्छ ।

**विधेयक अर्को सदनमा पठाउने र अर्को सदनमा पारित गर्ने प्रक्रियाः** विधेयक दर्ता भएको सदनमा पारित भइसकेपछि सम्बन्धित सदनको सचिवबाट अर्को सदनलाई विधेयक पारित भएको रूपमा सन्देश सहित पठाइन्छ र अर्को सदनबाट पुनः माथिकै प्रक्रियाबाट विधेयकमाथि छलफल गरी अन्त्यमा पारित गरेपछि पुनः विधेयक उत्पत्ति भएकै सदनलाई संशोधित रूपमा वा मूल रूपमा नै विधेयक फिर्ता पठाइन्छ । बजेट सम्बन्धी आर्थिक विधेयकहरू र अर्थ विधेयक प्रतिनिधि सभाबाट पारित भएको सन्देश राष्ट्रिय सभामा पठाएको १५ दिनभित्र प्रतिनिधि सभामा फिर्ता पठाइसक्नु पर्छ साथै अर्थ विधेयक बाहेकका प्रतिनिधि सभामा उत्पत्ति भएका अन्य विधेयक प्रतिनिधि सभामा पारित भएको सन्देश राष्ट्रिय सभामा पठाएको २ महिनाभित्र राष्ट्रिय सभाले सबै प्रक्रिया पुर्‍याएर पारित गरि सन्देश पठाइसक्नु पर्छ । अन्यथा प्रतिनिधि सभाले उक्त विधेयक राष्ट्रपति समक्ष सोझै प्रमाणीकरणको लागि पठाउन सक्ने व्यवस्था संविधान एवं नियमावलीले गरेको छ । यस प्रकार प्रतिनिधि सभाले आफ्नो सदनमा उत्पत्ति भई संशोधन सहित राष्ट्रिय सभामा पठाएको विधेयकमा राष्ट्रिय सभा सहमत भएमा वा राष्ट्रिय सभामा उत्पत्ति भई संशोधन सहित प्रतिनिधि सभामा गएकोमा उक्त संशोधनमा प्रतिनिधि सभा सहमत भएमा विधेयक उत्पत्ति भएको सदनका प्रमुखले विधेयक प्रमाणित गरी राष्ट्रपति समक्ष

प्रमाणीकरणको लागि पठाइन्छ । यदि प्रतिनिधि सभामा उत्पत्ति भई संशोधन सहित पारित विधेयकमा प्रतिनिधि सभाको संशोधनमा राष्ट्रिय सभा सहमत नभएको र राष्ट्रिय सभाले पारित गरेको तर प्रतिनिधि सभाले त्यो संशोधन अस्वीकार गरेको विधेयकको हकमा भने उक्त विधेयक दुवै सभाको संयुक्त सदनमा प्रस्तुत हुनुपर्ने व्यवस्था नेपालको संविधान एवं संघीय संसदको संयुक्त सदन र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७६ ले गरेको छ । त्यस्तो अवस्थामा दुवै सदनको सयुक्त बैठकले उक्त विषयमा छलफल गरी निष्कर्ष निकालेपछि वा सदनमा मतदान मार्फत उक्त विषय टुंग्याएपछि मात्र उक्त विधेयक पारित हुन्छ ।

**विधेयकमा आनुषङ्गिक सुधारः** विधेयक पारित भइसकेपछि विधेयक शाखाले विधेयक उपर सभाले गरेका प्रतिवेदनमा उल्लेख भएका संशोधनहरूलाई विधेयकमा समायोजन गर्ने कार्य गर्दछ र उक्त विधेयकका सबै संशोधन समायोजन भइसकेपछि अनायास हुन गएका त्रुटि, क्रमसंख्या जस्ता सामान्य विषयहरू आनुषङ्गिक सुधार मार्फत सच्याउन सभाध्यक्षको स्वीकृति लिइन्छ र त्यसमा आनुषङ्गिक सुधार गरिन्छ ।

**विधेयक प्रमाणीकरणः** पारित भएको विधेयकको आनुषङ्गिक सुधार भइसकेपछि उक्त विधेयकलाई सम्बन्धित सभाका प्रमुखबाट प्रमाणित गरी नेपाली कागजमा विधेयकको प्रतिहरू तयार गरी प्रमाणीकरणको लागि सम्माननीय राष्ट्रपति समक्ष पेश गरिन्छ । राष्ट्रपतिबाट सामान्यतः उक्त विधेयक अध्ययन गरी प्रमाणीकरण हुन्छ । अन्यथा विधेयकका कुनै दफालाई पुनर्विचार गर्नुपर्ने आवश्यक ठानेमा राष्ट्रपतिबाट संघीय संसद समक्ष पुनर्विचारका लागि फिर्ता पठाउने व्यवस्था छ । हालसालै प्रतिनिधि सभामा उत्पत्ति भई पारित राहदानी विधेयक राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता पठाइएको थियो । विधेयक प्रमाणीकरण भई संघीय संसदमा प्राप्त भएपछि संघीय संसदको अधिवेशन चलिरहेको अवस्थामा संघीय संसदमा उक्त व्यहोरा सम्बन्धित सदनका प्रमुखबाट जानकारी गराइन्छ अन्यथा सूचनापत्र प्रकाशित गरिन्छ । प्रमाणीकरण भएका विधेयकका प्रतिहरू मध्ये एकप्रति संघीय संसदको अभिलेखमा, एकप्रति राष्ट्रपति कार्यालय, एकप्रति कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा समेत रहने व्यवस्था नियमावलीले गरेको छ ।

**ऐनको प्रारम्भः** विधेयक प्रमाणीकरण भइसकेपछि विधेयकको दफा १ मा रहेको विधेयकको संक्षिप्त नाम र प्रारम्भ भन्ने शीर्षकले विधेयक प्रारम्भ हुने मिति वा अवस्था किटान गरेको अवस्थामा सोही मितिबाट र मिति वा अवस्था किटान नभएको अवस्थामा प्रमाणीकरण भएको मिति उल्लेख गरी राजपत्रमा प्रकाशित हुन्छ र उक्त ऐन लागू हुन्छ ।

**निष्कर्ष**

नेपालको संविधानले प्रतिनिधि सभा र राष्ट्रिय सभा सहितको दुई सदनको व्यवस्था गरेको र विधेयकहरू अर्थ विधेयक बाहेक जुनसुकै विधेयक जुनसुकै सदनमा उत्पत्ति हुन सक्ने व्यवस्था संविधान र नियमावलीले गरेकोले कार्यचाप हेरी विधेयकहरू वितरण हुनु उचित देखिन्छ । साथै

संघीय संसदको दुवै सदनमा लगभग दलीय स्थिति पनि एकै प्रकार हुने र राष्ट्रिय सभामा सदस्य संख्या कम भएको कारण राष्ट्रिय सभामा उत्पत्ति भएको विधेयक राष्ट्रिय सभाबाट तुलनात्मक रूपमा कम समयमा प्रतिनिधि सभामा गएको देखिन्छ । अहिलेको राष्ट्रिय सभा नियमावलीले विधेयकमाथि दफावार छलफल गर्नको निमित्त विधायन समिति नामक एउटा मात्र समितिको व्यवस्था गरेकोले धेरै विधेयक विधायन समितिमा थुप्रियो भने समितिलाई कामको चाप परी समयमा विधेयक समितिबाट दफावार छलफल गरी पारित गर्न नसक्ने हुन्छ । अन्यथा राष्ट्रिय सभाले प्रतिनिधि सभाको तुलनामा कम समयमै र कम संशोधन सहित विधेयक पारित गर्ने गरेको देखिन्छ । संशोधनको हकमा जुनसुकै सभामा उत्पत्ति भएपनि दुवै सदनले आफ्नो हक स्थापित गर्दै धेरथोर संशोधन गरेको अवस्था छ । तर संविधान एवं नियमावलीले प्रतिनिधि सभालाई भन्दा राष्ट्रिय सभालाई विधेयक पारित गर्ने प्रक्रियाभित्रको अधिकारमा केही अंकुश लगाउन खोजेको जस्तो देखिन्छ । जस्तो अर्थ विधेयक राष्ट्रिय सभामा उत्पत्ति नै हुन नसक्ने, राष्ट्रिय सभाले पारित गरेको तर प्रतिनिधि सभाले अस्वीकार गरेको र प्रतिनिधि सभाले संशोधन सहित पारित गरि राष्ट्रिय सभामा पठाएको तर राष्ट्रिय सभा त्यसमा सहमत हुन नसकेको विधेयक संयुक्त सदनमा जाने व्यवस्था, अर्थ विधेयक सदनमा आएको पन्ध्र दिनभित्रै र अन्य विधेयक दुई महिनाभित्र पारित गरी प्रतिनिधि सभामा पठाइसक्नुपर्ने व्यवस्था आदिले गर्दा राष्ट्रिय सभालाई विधेयक संशोधन गर्ने मामिलामा केही कम भूमिका दिएको महसुस हुन्छ ।

बजेट सम्बन्धी आर्थिक विधेयकहरू बाहेकका अन्य विधेयकको हकमा विधेयकमाथि संशोधनको अवधि भित्र संशोधन परेको वा नपरेको अवस्थामा कहिलेकाहीं मन्त्री, सरोकारवाला वा सांसदकै अनुरोध वा दवावमा सदनबाटै पारित गर्ने गरिन्छ । त्यस्तो अवस्थामा विधेयक यथावत् रूपमा पारित हुँदा कुनै समस्या पर्ने देखिंदैन तर संशोधन सहित पारित गर्ने अवस्थामा अधिकांश सदस्यहरूको संशोधनमाथि छलफल गर्ने र स्वीकार वा अस्वीकार गर्ने व्यक्तिगत अधिकार कुण्ठित हुन जान्छ । यसबाट एउटै मात्र विभागीय मन्त्री, निश्चित कुनै अमुक व्यक्ति, सांसद वा सरोकारवाला संस्थाको निहित स्वार्थ विधेयकमा समावेश हुनसक्ने यथेष्ट सम्भावना रहन्छ । अर्को कुरा विधेयक जनताको प्रतिक्रियाको लागि प्रचार गर्नुपर्ने अवस्था आएमा पनि सम्बन्धित समितिमा दफावार छलफलको लागि गइसकेपछि मात्र प्रतिक्रिया प्राप्त गर्ने चरण लागू गर्न सकेमा राष्ट्रको अनावश्यक खर्च बचत हुने अवस्था रहन्छ र सानो समितिले जिल्ला-जिल्लामा सुझाव संकलन गर्ने कार्य गर्न सरल र सहज हुन्छ ।

**सन्दर्भ सामग्री**


१. नेपालको संविधान
२. प्रतिनिधि सभा नियमावली, २०७५
३. राष्ट्रिय सभा नियमावली, २०७५
४. संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५
५. नेपाल सरकार कार्य विभाजन एवं कार्यसञ्चालन नियमावली
६. विभिन्न अंकका संसद गतिविधिहरू